नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट मिति २०७८-०९-०४ गते आइतबारबाट विद्युतीय राहदानी सम्बन्धी कार्य प्रारम्भ गर्न लागिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

## विद्युतीय राहदानी (e-Passport)को लागि आवेदन दिने तरिका

१. विद्युतीय राहदानीको लागि फाराम भर्न https://emrtds.nepalpassport.gov.np/ लिंकमा जानुहोस् ।

२. **Apply for Passport राहदानीको लागि आवेदन** बटनमा क्लिक गर्नुहोस् ।

३. **आवेदनको प्रकार: पहिलो पटक राहदानी लिन, म्याद सकिएको राहदानी नवीकरण गर्न, हराएको/चोरिएको राहदानीको सट्टामा, बिग्रेको राहदानीको सट्टामा** मध्ये आफ्नो आवश्यकता बमोजिम कुनै एक बटनमा क्लिक गर्नुहोस् ।

४. **राहदानीको प्रकार (साधारण ३४ पृष्ठको वा साधारण ६६ पृष्ठको)** छान्नुहोस् र **Proceed** बटनमा क्लिक गर्नुहोस् । *(जिल्लाबाट राहदानी बनाउनेको हकमा हाललाई साधारण ३४ पृष्ठ मात्र छान्नुहोस् । ६६ पृष्ठको राहदानी पछि उपलब्ध हुनेछ ।)*

५. सो पश्चात् **I agree स्वीकृत छ** बटनमा क्लिक गर्नुहोस् ।

६. **Application Form** मा जनसाङ्ख्यिकी जानकारी (Demographic Information), नागरिकता सम्बन्धी जानकारी (Citizenship Information), आवेदकको सम्पर्क विवरण (Application Contact Details) र जरूरी परेमा सम्पर्क गर्ने विवरण (Contact Details in Case of Emergency) भरे पश्चात् **Next** बटनमा क्लिक गर्नुहोस् । *(फाराम भर्दा राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य राख्नुपर्नेछ ।)*

७. **File Attachment** अन्तर्गत तोकिएका सक्कल कागजात करिब ४०० के.बी. हुने गरी स्क्यान गरेर अपलोड गर्नुहोस् र **Next** बटनमा क्लिक गर्नुहोस् । *(अलपोड गर्नुपर्ने कागजातहरूमा विवरण प्रष्ट बुझिने हुनुपर्ने । नागरिकता प्रमाणपत्र च्यातिएको, जारी मिति उल्लेख नभएको वा विवरण नबुझिने भएमा नागरिकता प्रतिलिपि बनाएर मात्र फाराम भर्नुहुन ।)*

८. **Book Your Appointment** अन्तर्गत फाराम बुझाउने ठाउँ छनौट गर्दा राहदानी विभाग वा जिल्ला वा तोकिएका इलाका प्रशासन छान्न सकिने र जिल्ला वा इलाका प्रशासन कार्यालयमा निवेदन दिंदा आफूले नागरिकता लिएको वा बसाइसराइ गरेको जिल्लामा मात्र निवेदन दिन सकिने । ठाउँ छनौट पश्चात् उपलब्ध **मिति र समय बुक गर्नुहोस्** (छिटो बुकिङ्ग गर्नेको पालो पहिले आउँछ) र **Next** बटनमा क्लिनं गर्नुहोस् ।

९. **Application Summary** अन्तर्गत आफ्नो विवरण रूजु गर्नुहोस् र **Save** बटनमा क्लिक गर्नुहोस् ।

१०. **भरिएको आवेदन फाराम प्रिन्ट गरेर बुक गरिएको मिति र समयमा** सक्कल कागजातहरू सहित Live Enrollment को लागि निवेदक स्वयं जिल्ला प्रशासन कार्यालयमा आउनुपर्नेछ । *(फाराम बुझाउने ठाउँ राहदानी विभाग छनौट गरेकाको हकमा राहदानी विभागमा जानुपर्ने ।)*

११. विद्युतीय राहदानी सम्बन्धी थप जानकारीको लागि राहदानी विभागको वेबसाइट नियमित हेर्नु हुन वा विभागको ९८५१३२६८०१, ९८५१३२६८०२ वा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको ०५७-५२००१२, ०५७-५२०४९५, विनोद अर्याल-९८४५०११११०, टिंकु श्रेष्ठ-९८४५१२४९८४ मा सम्पर्क गर्नु हुन ।

२०७८।९।२

आशा बहादुर थिङ लामा
प्रशासकीय अधिकृत